# मिति २०८२ भदौ २७ गते गठित अन्तरिम सरकारले सम्पादन गरेका मुख्य मुख्य कार्यहरूको विवरण

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं

चैत..... , २०८२

## पृठभूमि

संवत् २०८२ भदौ २३ र २४ गते मुलुकमा भ्रष्टाचारको अन्त तथा सुशासनको माग राखी जेनजी युवाहरुको अगुवाईमा भएको विद्रोह तथा आन्दोलन पश्चातको जटिल परिस्थितिमा सम्माननीय प्रधानमन्त्री सुशिला कार्कीको नेतृत्वमा २०८२ भदौ २७ गते अन्तरिम सरकार गठन भएको थियो। राजनीतिक रुपमा अन्यौल तथा सुरक्षाको दृष्टिकोणले संवेदनशिल अवस्थालाई सामान्यीकरण गर्दै २०८२ साल फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्ने प्रमुख जिम्मेवारी रहेको अन्तरिम सरकारले तोकिएको मितिमै स्वच्छ, निस्पक्ष र शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गरिसकेको छ।

उक्त चुनौतीपूर्ण परिस्थितिमा सरकारले एकातर्फ आन्दोलनका क्रममा सहादत प्राप्त गरेका व्यक्तिहरूका परिवार तथा घाइतेहरूलाई राहत, उपचार तथा सम्मान गर्ने, क्षतिग्रस्त सार्वजनिक संरचनाहरूको पुनर्निर्माण तथा पुनर्स्थापना गर्ने तथा नवयुवाहरूले उठाएका शासकीय सुधारसम्बन्धी मागहरूको सम्बोधन गर्ने कार्य गर्दै आएको छ। अर्कोतर्फ मुलुकमा स्थायित्व, विश्वास अभिवृद्धि र राजनीतिक सहमतिको वातावरण निर्माण गर्दै निर्धारित समयमा स्वच्छ, स्वतन्त्र तथा निष्पक्ष रूपमा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गराउने ऐतिहासिक दायित्वलाई सफलतापूर्वक निर्वाह गरेको छ।

राष्ट्रिय जीवनको जटिल परिस्थितिमा गठन भएको वर्तमान सरकारको प्रमुख ध्यान निर्वाचनको उपयुक्त वातावरण निर्माण गर्ने, राजनीतिक दलहरू, जेनजी आन्दोलनका प्रतिनिधिहरू तथा सरोकारवाला समूहहरूसँग निरन्तर संवाद, समन्वय र सहमतिको प्रक्रिया अगाडि बढाउने तथा समग्र रूपमा राज्य व्यवस्थामा स्थिरता कायम गर्ने दिशामा केन्द्रित रह्यो। सीमित समय र चुनौतीपूर्ण परिस्थितिका बाबजुद पनि सरकारले जनताका गुनासाहरू सम्बोधन गर्ने, सेवा प्रवाहमा सुधार गर्ने, प्रशासनिक प्रणालीलाई क्रियाशील र उत्तरदायी बनाउने तथा सुशासनको आधार तयार गर्ने दिशामा महत्वपूर्ण कदम चालेको छ।

नेपाल सरकारका विभिन्न मन्त्रालय, निकाय तथा संयन्त्रमार्फत सम्पन्न भएका प्रमुख कार्यहरू, हासिल भएका उपलब्धिहरू तथा आरम्भ गरिएका सुधारात्मक क्रियाकलापहरुलाई समेटी संस्थागत स्मृतिको रूपमा यस दस्तावेजमा प्रस्तुत गरिएको छ। यस दस्तावेजले वर्तमान अन्तरिम सरकारको ६ महिने कार्यकालमा आन्दोलन पश्चातको राहत तथा पुर्नस्थापना, विकास निर्माण तथा सार्वजनिक सेवाको निरन्तरता तथा सुशासन प्रबर्द्धनको क्षेत्रमा भएका कार्यहरुको समग्र चित्र प्रस्तुत गर्दछ।

(क)सेवा प्रवाह र सुशासन

१. नेपाल सरकारका मन्त्रालयहरू तथा मातहत निकायमा विभिन्न माध्यमबाट प्राप्त हुने उजुरी तथा गुनासो सम्बोधनको लागि Hotline टेलिफोनको व्यवस्था गरी सो को लागि सम्पर्क कर्मचारी एवम् गुनासो व्यवस्थापन युनिट समेत तोकिएको। कतिपय निकायमा सेवाग्राहीको गुनासो QR मार्फत् समेत लिने गरिएको। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको हेलो सरकार तथा अन्य माध्यमबाट प्राप्त हुने सार्वजनिक सेवा प्रवाहसम्बन्धी गुनासोहरुको निरन्तर रुपमा सम्बोधन गर्ने गरिएको। साथै प्रधानमन्त्रीको निजी सचिवालयमा दर्ता भएका गुनासो र निवेदन सम्वोधनका लागि सम्बन्धित निकायमा तत्काल पठाउने गरिएको।

२. नेपाल सरकारका मन्त्रालय र मातहत निकायहरुको नियमित कार्यसञ्चालन कागजरहित तथा पूर्ण रुपमा डिजिटल पद्धतिमा रुपान्तरण गर्न एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) को प्रयोग गर्ने निकायको संख्या वृद्धि भई हालसम्म २१० पुगेको। साथै आंशिक रूपमा GIOMS प्रणाली प्रयोग गर्ने निकायहरूले समेत् पूर्ण रूपमा प्रयोग गर्ने गरेको।

३. ज्येष्ठ नागरिकका स्वास्थ्य समस्या सुन्न ११‍१५ हटलाइन सेवाको व्यवस्था गरिएको।

४. जेनजी आन्दोलनको क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन प्रतिवेदन तयार गरिएको।

५. जेनजी आन्दोलनबाट क्षतिग्रस्त सार्वजनिक भवन संरचनाहरुको शीघ्र मूल्याङ्कन (Rapid Visual Assessment) को कार्य सम्पन्न गरी क्षतिग्रस्त भवनहरुलाई सामान्य, आंशिक र पूर्ण क्षति गरी तीन किसिमले वर्गीकरण गरिएको। सामान्य क्षति भएका धेरैजसो भवन संरचनाहरुको तत्काल मर्मत गरी उपयोगमा ल्याइएको। आंशिक क्षति भएका भवनहरुको मर्मत कार्य र पूर्ण क्षति भएका भवन संरचनाहरुको प्राविधिक अध्ययन तथा मर्मत/पुनर्निर्माण कार्य अघि बढाइएको। साथै लामो समय लाग्ने प्रकृतिका ठूला पुनर्निमाणका कार्यहरूलाई आगामी वर्षमा गर्ने गरी तयारी गरिएको।

६. जेनजी आन्दोलनमा क्षति भएका भौतिक संरचनाहरुमा आवश्यक मर्मत सम्भार गरी कार्यसम्पादन सूचारु गरिएको। मर्मत गर्न मिल्ने चारपाङ्ग्रे सवारी साधनहरु मर्मत गराई प्रयोगमा ल्याईएको। वीमा गरिएका सवारी साधनहरुको वीमा दावी गरिएको।

७. प्रत्येक मन्त्रालय तथा निकायमा भ्रष्टाचार नियन्त्रण तथा सुशासनको सम्पर्क विन्दु तोकी सम्बन्धित निकायमा सुशासन कायम गर्न गर्नुपर्ने सुधारको पहिचान गर्ने कार्यको थालनी गरिएको।

८. नेपालको समग्र शासकीय प्रवन्धमा रूपान्तरणका लागि सेवा प्रवाहमा सरलीकरण, विकास व्यवस्थापन तथा भ्रष्टाचार नियन्त्रण र प्रविधि एवम् प्रणाली रूपान्तरणका लागि "सुशासनको मार्गचित्र (Good Governance Blueprint)" तयार गरिएको।
९. नेपालमा व्याप्त भ्रष्टाचार नियन्त्रणका लागि भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि अनुकूल हुने गरी भ्रष्टाचार विरुद्धको दोस्रो रणनीतिक योजना (२०८२/८३- २०८७/८८) सरोकारवालाहरूसँग छलफल तथा समन्वय गरी स्वीकृतीको अन्तिम चरणमा रहेको।
१०. सेवा प्रवाहमा सूचना प्रविधिको उच्चतम प्रयोग गरी सूचना प्रविधिसम्बन्धी एकीकृत सेवा प्रवाह र प्रणालीगत रूपान्तरणका लागि सूचना प्रविधि तथा विद्युतीय सुशासनका क्षेत्रमा गर्नुपर्ने सुधारको सुझाव सहितको प्रतिवेदन तयार गरिएको।
११. उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय र वाणिज्य विभागका सूचना प्रविधि प्रणालीवीच अन्तरआवद्धता सहित ड्यासवोर्ड सञ्चालनसम्बन्धी कार्य थालनी गरिएको।
१२. स्थानीय तहको कर्मचारीको अभिलेख व्यवस्थापनका लागि सातवटै प्रदेशलाई स्थानीय तहको PIS पोर्टल हस्तान्तरण गरिएको।
१३. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को स्वीकृत कार्यविधि बमोजिम अनलाईन प्रणाली विकास गरी कार्यान्वयनमा ल्याईएको।
१४. वैदेशिक प्रयोजनको लागि स्थानीय तहहरुबाट जारी हुने सिफारिस अनलाइनबाट गर्ने व्यवस्था कार्यान्वयन गर्नुका साथै कागजातहरुको अङ्ग्रेजी भाषाको ढाँचा/मापदण्ड तयार गरी सबै स्थानीय तहमा उपलब्ध गराइएको।
१५. व्यक्तिगत घटना दर्तासम्बन्धी कागजातहरुको हकमा कागजात जारी गर्ने र प्रमाणीकरण गर्ने निकायहरुबीच अन्तरनिकाय आवद्धता (Application Programming Interface) मार्फत आधिकारिकता रुजु गरी कागजात प्रमाणीकरण कार्य सहज बनाइएको।
१६. प्रहरी चारित्रिक प्रमाणपत्र (Police Character Certificate) अनलाइन प्रणालीबाट प्रमाणीकरण हुने व्यवस्था (Faceless Service) सञ्चालन गरिएको।
१७. वैदेशिक प्रयोजनका लागि प्रमाणीकरण भएका सबै कागजातहरुको आधिकारिकता सबै विदेशस्थित नेपाली नियोगहरुबाट अनलाइन प्रणालीमा नै रुजु गर्न सकिने व्यवस्था गरिएको।
१८. अध्यागमन विभाग र कन्सुलर सेवा विभागबीचको अन्तरनिकाय आबद्धता मार्फत Diplomatic/Official भिसाको विवरणमा अध्यागमन विभागलाई पहुँच दिईएको। साथै विदेशस्थित नेपाली नियोगहरुले अनलाइन प्रणालीमार्फत यात्रा अनुमति पत्र जारी गर्न सक्ने व्यवस्था गरिएको।

१९. नयाँ कम्पनीबाट नेपाली राहदानीको आपूर्ति नहुँदासम्म राहदानी पुस्तिकाको अभाव हुन नदिनको लागि अन्तरिम अवधिमा साविककै आपूर्तिकर्तासँग समन्वय गरी आपूर्तिको व्यवस्थापन गरिएको।

२०. सवारी चालक अनुमतिपत्र (क्यु.आर.सहितको स्मार्टकार्ड) छपाइका लागि यातायात व्यवस्था विभाग र सुरक्षण मुद्रण केन्द्रबीच समझदारी (MoU) सम्पन्न भई छपाइको कार्य सञ्चालन भइरहेको।

२१. जेनजी आन्दोलनको क्रममा यातायात व्यवस्था विभागको क्षतिग्रस्त डाटा सेन्टरको मर्मत सम्भार गरी देशभरका यातायात व्यवस्था कार्यालयहरुबाट विद्युतीय सवारी दर्ता तथा सवारी चालक अनुमतिपत्र (EDLVRS) सम्बन्धी सेवा सूचारु गरिएको।

२२. सरकारी कार्यालयमा पेश हुने कागजातमा आय टिकटको रुपमा हुलाक टिकट टाँस्ने व्यवस्थालाई खारेज गरिएको।

२३. कम्पनी प्रशासन सम्बन्धी सेवालाई प्रभावकारी बनाउन कम्पनी रजिष्ट्रारको कार्यालको विद्युतीय प्रणाली (CAMIS)/अनलाईन सेवा पूर्ण रुपमा सञ्चालनमा ल्याइएको।

२४. २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनबाट क्षति भएका सुक्खा बन्दरगाह तथा एकीकृत जाँच चौकीहरुको भौतिक संरचनाहरु पुनर्निर्माण गरी सञ्चालनमा ल्याइएको।

२५. राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली (NIDMIS) सँग आन्तरिक राजश्व विभाग (PAN), राष्ट्रिय किताबखाना (निजामती) को PIS प्रणाली लगायत १२ वटा निकायहरूको प्रणालीसँग अन्तरआबद्धता कायम भइसकेको। अन्य थप ६ वटा निकायहरूसँग अन्तरआबद्धताको प्रकिया शुरू गरिएको।

## (ख)जेनजी आन्दोलनका सहिद परिवार तथा घाइतेलाई राहत एवम् पुनस्थापना

२६. "जेनजी आन्दोलनका घाइतेहरूको वर्गीकरण कार्यविधि २०८२" बमोजिम घाइतेको वर्गीकरण गरी सम्पूर्ण घाइतेको निःशुल्क उपचारको व्यवस्था मिलाइएको।

२७. जेनजी आन्दोलनमा घाईते तथा सहिद परिवारहरूलाई देशभरका ९७ वटा अस्पतालहरूबाट निःशुल्क मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएको।

२८. जेनजी आन्दोलनका क्रममा मृत्यु भएका मध्ये ४५ जनालाई शहिद घोषणा गरिएको। पहिचान खुलेका ५३ जना मृतक नेपाली नागरिकका परिवारलाई प्रति परिवार १० लाख रूपैंया आर्थिक सहायता र काजकिरिया खर्च, खाना खर्च र यातायात खर्च बापत रू. ५ लाख रूपैंया रकम आर्थिक सहायता उपलब्ध गराइएको।

२९. सम्वत् २०८२ साल भाद्र २३ र २४ गतेको जेनजी (Gen-Z) प्रदर्शन तथा आन्दोलनमा घाइते भएका व्यक्तिलाई राहत सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गरी कार्यान्वयन गरिएको।

३०. जेनजी आन्दोलनको क्रममा घाइते भएका २५२२ जना व्यक्तिहरूलाई रु. २० हजारको दरले भैपरी खर्च र रु. १५ हजारको दरले तत्काल राहत उपलब्ध गराइएको।

३१. जेनजी आन्दोलनको क्रममा घाइते भएका २५२२ जना घाईतेको परिचयपत्र वितरण गरिएको।

३२. नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२/५/३० को निर्णयानुसार जेनजी आन्दोलनका क्रममा भएको जनधनको क्षतिको सम्बन्धमा छानविन गर्न पूर्व न्यायाधीश गौरीवहादुर कार्कीको अध्यक्षतामा ३(तीन) सदस्यीय न्यायिक छानविन आयोग गठन गरिएको। उक्त आयोगले मिति २०८२/११/२४ मा नेपाल सरकारलाई प्रतिवेदन पेश गरेको।

३३. ललितपुरको सातदोबाटो स्थित अन्तर्राष्ट्रिय खेलकुद परिसर हाताभित्र जेनजी शहिद स्मृति पार्क निर्माण गर्ने निर्णय भएको।

३४. खेलुकद परिषद् सातदोबाटोमा रहेको १४० सिट क्षमताको सभाकक्षलाई GEN-Z MATRTYRS AUDITORIM HALL नामाकरण गरिएको।

३५. निजामती कर्मचारी अस्पतालमा आन्दोलन तथा आन्दोलनका क्रममा घाईते भएका ४६१ जना विरामीको उपचार गरिएको। ५० जना घाईतेको शल्यक्रिया गरिएको। घाईते भएका विरामीको उपचारमा सहजता प्रदान गर्नका लागि Zen-Z Clinic सञ्चालनमा ल्याई घाइतेहरुको फलो-अप भैरहेको।

## (ग) अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, सहयोग तथा साझेदारी

३६. नेपाल सरकार र भारत सरकारबीच पारस्परिक कानूनी सहायता सन्धि सम्बन्धी Agreement between the Government of Nepal and the Government of the Republic of India of Mutual Legal Assistance in Criminal Matter विषयमा सम्झौता गरिएको। साथै अन्य केही मुलुकहरूसँग पारस्परिक कानूनी सहायता सम्बन्धमा सम्झौता गर्न प्रस्ताव गरिएको।

३७. प्रस्तावित Strengthening Public Financial Management and Devolved Service Delivery कार्यक्रमको उपकार्यक्रम दुईको लागि एशियाली विकास बैङ्कबाट प्राप्त हुने १०० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण स्वीकार गरिएको।

३८. सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले कतारका अमिर शेख तमिम बिन हमाद अल-थानी (His Highness Sheikh Tamim bin Hamad Al-Thani) को मैत्रीपूर्ण निमन्त्रणामा २०८२ कात्तिक १८ देखि २० (तदनुसार ४ देखि ६ नोभेम्बर २०२५) सम्म कतारको दोहामा

आयोजित दोस्रो विश्व सामाजिक विकास शिखर सम्मेलन (Second World Summit for Social Development) मा सहभागी हुन दोहाको भ्रमण गर्नुभएको।

३९. नेपाल र जापानबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वार्षिकोत्सवको अवसरमा जापान सरकारको मैत्रीपूर्ण निमन्त्रणामा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले २०८२ साल माघ १८ देखि २१ (तदनुसार सन् २०२६ फेब्रुअरी १ देखि ४) सम्म जापानको औपचारिक भ्रमण गर्नुभएको।

४०. हमासद्वारा बन्धक बनाइ हत्या गरिएका नेपाली विद्यार्थी स्वर्गीय विपिन जोशीको शव २० अक्टोवर २०२५ मा (Flight: Fly Dubai flight FZ0539, Time:14:20 hrs.) नेपाल ल्याई मृतकको परिवारलाई वुझाइएको।

४१. नेपाल र ओमानबीच प्रस्तावित "Memorandum of Understanding (MoU) in the field of Labour and Manpower Exchange" को मस्यौदामा ओमानी पक्षले सामान्य भाषागत संशोधन गरी समझदारीपत्रको अन्तिम मस्यौदा नेपाली राजदूतावास, मस्कटमार्फत प्राप्त भएको।

४२. २०८२ मंसिरको दोस्रो हप्ता तदनुसार २०२५ नोभेम्बरको अन्तिम हप्ता श्रीलंकामा भीषण वर्षा पश्चात् आएको बाढी तथा पहिरोले ठूलो जनधनको क्षति भएको सन्दर्भमा नेपाल सरकारको तर्फबाट श्रीलंका सरकारलाई सहायता स्वरुप २ लाख अमेरिकी डलर उपलब्ध गराएको।

४३. २३-२४ अप्रिल २०२४ मा कतारका अमिर His Highness Sheikh Tamim bin Hamad Al-Thani द्वारा सम्पन्न नेपालको राजकीय भ्रमणका अवसरमा नेपालले कतार सरकारलाई दुईवटा हात्ती उपहारस्वरुप प्रदान गर्ने प्रतिवद्धताअनुसार २०८२ पुस २ गते हात्तीहरु (खगेन्द्रप्रसाद र रूद्रकली) कतार सरकारलाई हस्तान्तरण गरिएको।

४४. गणतन्त्र कोरियामा EPS प्रणाली मार्फत गणतन्त्र कोरिया जाने नेपाली कामदारहरुका सम्बन्धमा पछिल्लो समय उत्पन्न भएको अन्यौलका विषयमा काठमाडौं स्थित गणतन्त्र कोरियाको राजदूतावाससँग आवश्यक समन्वय गरिएको।

४५. म्यानमार सरकारलाई भुकम्प पछिको पुनः निर्माणका लागि प्रदान हुने आर्थिक सहयोग अमेरिकी डलर 350,000.00 हस्तान्तरण लागि सहजीकरण गरिदिने बेहोराको पत्र याङ्गुनस्थित नेपाली दूतावासमा पठाइएको।

४६. भारत सरकारको सहयोगमा सञ्चालन हुने High Impact Community Development Projects (HICDPs) सहयोग अन्तर्गत विभिन्न मितिमा विभिन्न स्थानीय तहबाट पेस भएका र भारतीय राजदूतावासबाट स्वीकृत भएका १६ वटा HICDPs आयोजना कार्यान्वयनका लागि भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सम्वन्धित स्थानीय तह र भारतीय राजदूतावासबीच त्रिपक्षीय समझदारीपत्रमा हस्ताक्षर भएको।

४७. मध्य नेपालमा धानमा आधारित खेती तथा खाद्य प्रणालीको जलवायु उत्थानशील रुपान्तरण आयोजनाका लागि विश्व वातावरण सुविधाबाट ८७ लाख ८ सय अमेरिकी डलर बरावरको अनुदान सहायता स्वीकार गरिएको।

४८. नेपाल सरकार र एशियाली उत्पादकत्व सङ्गठन (APO) बिच हुने सहयोग र साझेदारीसम्बन्धी 'Strategic Partnership Program Primer (APO-SPP)' मा नेपाल र APO सचिवालय बिच हस्ताक्षर सम्पन्न भएको।

४९. नेपाल र संयुक्त राज्य अमेरिका बिच सांस्कृतिक सम्पदा सम्बन्धी सम्झौतामा हस्ताक्षर गरी नेपालबाट चोरी भई वा अन्य कारणबाट अमेरिका पुगेका ऐतिहासिक तथा पुरातात्त्विक महत्वका कलाकृतिहरू नेपाल फिर्ता ल्याउने आधार तयार गरिएको।

५०. ब्राजिलको बेलेममा २०२५ नोभेम्बर १०-२१ सम्म आयोजित ३०औं जलवायु सम्मेलनमा कृषि तथा पशुपंक्षी विकास मन्त्रीको नेतृत्वमा सहभागी भई जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा परेको प्रभावको बारेमा नेपालको धारणा राखिएको।

५१. पश्चिम एसियामा पछिल्ला दिनमा विकसित घटनाक्रमबाट सृजित परिस्थितिको निरन्तर फलो-अप गर्ने, अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय गर्ने, उद्धारका लागि आवश्यक कदम चाल्न नेपाल सरकारलाई सुझाव दिने लगायतका कार्यका लागि परराष्ट्र मन्त्रालयका सचिवको संयोजकत्वमा Emergency Response Team गठन भई निरन्तर कार्य गरिरहेको छ। साथै उक्त कार्यका लागि परराष्ट्र मन्त्रालयमा Emergency Control Room स्थापना गरी २४ सै घण्टा सञ्चालनमा रहेको।

## (घ) भौतिक पूर्वाधार, सहरी विकास, जल तथा उर्जा विकास

५२. कोटेश्वर चोक सुधारका लागि जापान सरकारको ३४.४९ अर्ब येन बराबरको ऋण सहयोगमा सम्झौता गरिएको।

५३. निर्माण व्यवसायीको कारण रुग्ण बनेका ठेक्काहरूमध्ये पुनः सञ्चालन गर्न सकिनेलाई सोहीबमोजिम र सञ्चालन गर्न नसक्नेलाई ठेक्का तोडी नयाँ प्रक्रिया आरम्भ गरिएको।

५४. नागढुङ्गा सुरुङ्ग मार्गको सञ्चालनका लागि सेवा खरिद प्रक्रिया अन्तिम चरणमा रहेको।

५५. नारायणी नदीमा Signature Bridge निर्माण गर्न Design स्वीकृत भई निर्माण कार्य शुरु भएको साथै तिनाऊ नदीमा Signature Bridge निर्माण सम्बन्धी प्रक्रिया थालनी गरिएको।

५६. सालझण्डी -सन्धिखर्क-ढोरपाटन सडक आयोजनाको स्थलगत अनुगमन गरी परियोजना सम्बद्ध समस्याको समाधानका लागि समन्वय गरिएको।

५७. त्रिभुवन विश्वविद्यालय क्रिकेट रंगशालालाई सुविधासम्पन्न बनाउन उद्देश्यले पहिलो चरणको निर्माणकार्य अन्तर्गत १० हजार दर्शक क्षमताको प्यारापिट निर्माण तथा ६ वटा फ्लडलाइट जडानको कार्य सम्पन्न भई नेपाल प्रिमियर लिगका खेलहरु सोही मैदानमा सम्पन्न भएको।

५८. राष्ट्रिय भवन संहिता NBC 105:2020 को संशोधन स्वीकृत भई परिमार्जित राष्ट्रिय भवन संहिता NBC 105:2025 लागू भएको।

५९. वर्षाको कारण बन्द गरिएको मेलम्ची खोलाको पानी पथान्तरण गरी २०८२ असोज २६ पुनःसुचारु गरी दैनिक २० करोड लिटर पानी काठमाडौंमा आउने व्यवस्था गरिएको।

६०. सम्वत् २०८२ असोज महिनामा आएको अविरल वर्षाका कारण क्षतिग्रस्त ३०८ वटा खानेपानी आयोजनाको पुननिर्माणको कार्य चालु आर्थिक वर्ष भित्रै सम्पन्न गर्ने गरी आरम्भ गरिएको।

६१. सुन्दरीजलमा दैनिक २५.५ करोड लिटर क्षमताको खानेपानी प्रशोधन केन्द्र निर्माणको कार्य प्रारम्भ गरिएको।

६२. नेपाल र भारतबीच संयुक्त लगानीमा इनरुवा-पूर्णिया र दोदोधारा-बरेली ४०० के.भी क्षमताका अन्तर्देशीय प्रसारण लाइन निर्माण गर्न नेपाल विद्युत प्राधिकरण र पावर ग्रिड कर्पोरेशन अफ इण्डिया लिमिटेडबीच Joint Venture Agreement र Shareholders Agreement मा हस्ताक्षर सम्पन्न भएको। यस सम्झौताबाट यी अन्तरदेशीय प्रसारण लाइनहरू सन् २०३० सम्म सम्पन्न हुने सुनिश्चितता भई थप करिब ५००० मे.वा. विद्युत नेपाल र भारत बीच आयात/निर्यात गर्नसक्ने आधार तयार भएको।

६३. नेपाल-भारत सहसचिवस्तरीय संयुक्त प्राविधिक टोली (Joint Technical Team, JTT) को १७ औं बैठकले ढल्केवर-मुजफ्फरपुर र ढल्केवर-सितामढी लाइनमार्फत विद्युत आदानप्रदान क्षमताको पुनर्मूल्याङ्कन सम्पन्न भएको। यसबाट नेपालबाट १,५०० मेगावाटसम्म विद्युत निर्यात र भारतबाट १,४०० मेगावाटसम्म विद्युत आयात गर्न सक्ने क्षमता कायम भएको।

६४. नेपाल र बंगलादेश बीच नेपालबाट बंगलादेशले आयात गर्दै आएको ४० मेगावाट जलविद्युतका अतिरिक्त २० मेगावाट थप विद्युत आयात गर्ने सहमति भएको।

६५. जलविद्युत उत्पादनमा जडित क्षमता १२६ मे.वा. थप भई कूल ४०८६ मे.वा. पुगेको, सौर्य उत्पादन क्षमता ५.८ थप भई कूल ६२.७ मे.वा. पुगेको, १५७० हेक्टर जमीनमा थप सिंचाइ सेवा विस्तार भएको, १७.७१ कि.मी. तटबन्ध निर्माण भएको।

६६. सुनकोसी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको बाँध, पावरहाउस लगायत सिभिल निर्माण कार्यको ठेक्कामा निर्माण व्यवसायीद्वारा प्रगति बढाउन कुनै पनि तदारुकता नदेखाएको अवस्था रहेकोले ठेक्का सम्झौताको प्रावधान अनुसार ठेक्का सम्झौता अन्त्य गरी नयाँ ठेक्का व्यवस्थापनका लागि प्रक्रिया आरम्भ गरिएको।

६७. जेन्जी आन्दोलनको क्रममा क्षति भएको भौतिक संरचनाको पुनःर्निमाण, आर्थिक पुनःरुत्थान र राहत लगायतका कार्यका लागि  भौतिक पूर्वाधार पुनःर्निमाण कोष स्थापना गरिएको। साथै यस कोषमा हालसम्म करिब १४ करोड रकम संकलन भएको।

## (ङ) कानूनी तथा नीतिगत सुधार

६८. जेनजी आन्दोलनका क्रममा सार्वजनिक निकायमा भएको क्षतिको पुनर्निर्माण तथा पुनस्थापन गरी कार्यालय सञ्चालन र सेवा प्रवाह सुचारु गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम विशेष परिस्थितिमा सार्वजनिक खरिदको प्रवन्ध मिलाइएको।

६९. जेनजी आन्दोलनका क्रममा भौतिक संरचनामा भएको क्षति आंकलन र पुनर्निर्माण गर्न भौतिक पूर्वाधार पुनर्निर्माण समिति (गठन तथा सञ्चालन) आदेश, २०८२ स्वीकृत गरी कार्यान्वयन गरिएको।

७०. मतदाता नामावली संकलन र अद्यावधिक गर्न मतदाता नामावली ऐन, २०७३ संशोधन सम्बन्धी अध्यादेश जारी गरी कार्यान्वयन गरिएको।

७१. मानव अधिकारको विश्वव्यापी आवधिक पुनरावलोकन (चौथो चक्र) को राष्ट्रिय प्रतिवेदन स्वीकृत गरी संयुक्त राष्ट्र मानव अधिकार समितिमा पठाईएको। सो सम्बन्धी पुनरावलोकन बैठकमा  सहभागिता भई नेपालको अवस्था र धारणा प्रस्तुत गरिएको।

७२. राज्यकोषबाट लगानी भएका प्रतिष्ठान, बोर्ड, समिति तथा सार्वजनिक संस्थान लगायतका निकायका पदाधिकारी तथा कर्मचारीको पारिश्रमिक तथा सेवा सुविधामा एकरुपता कायम गर्न कार्यदल गठन गरी सुझाव लिइएको।

७३. मालपोत ऐन, २०३४ को दफा २६क. र दफा २६ख. को प्रयोजनका लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरिएको।

७४. सुरक्षण मुद्रण सम्बन्धी नियमावली, २०८१ को कार्यान्वयनका लागि सुरक्षण मुद्रण सम्बन्धी नियमावली, २०८२ जारी गरी कार्यान्वयनमा ल्याइएको।

७५. गुणस्तरीय वस्तु तथा सेवा सहज बनाउन तथा सरकारका नीति र कार्यक्रम कार्यान्वयन गर्न सक्षम बनाई सार्वजनिक संस्थानलाई व्यवसायिक, प्रतिष्पर्धी, जवाफदेही, पारदर्शी र प्रभावकारी बनाउने ध्येय सहित सार्वजनिक संस्थाको व्यवस्थापन तथा सुशासन नीति, २०८२ जारी गरिएको।

७६. नेपाल प्रशासन सेवा (गठन,समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियम, २०८२ संशोधन गरी कार्यान्वयन गरिएको।

७७. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ संशोधन गरी राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा रहेको तथ्याङ्कमा पहुँच उपलब्ध गराउन सक्ने गरी वैदेशिक रोजगार लगायतका क्षेत्र तोकिएको।

७८. एमसिए-नेपालले निर्माण गर्ने विद्युत प्रसारण लाइनको मध्य रेखाबाट २३ मिटर दायाँ-बायाँमा पर्ने करिब १३८१ हेक्टर क्षेत्रफलका जग्गामा कसैले कुनै संरचना निर्माण तथा रुख रोप्न नपाउने गरी निषेधाज्ञाको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिएको।

७९. कार्वन व्यापार नियमावली, २०८२ कार्यान्वयनमा ल्याइएको।

८०. भूउपयोग (तेस्रो संशोधन) नियमावली, २०८२ कार्यान्वयनमा ल्याइएको।

८१. स्वदेशकै उखुबाट निस्कने मोलासिस, कासावा तथा खेर जाने कृषि तथा वनजन्य कच्चापद्धार्थवाट इथानोलको उत्पादन गरी पेट्रोलमा १० प्रतिशतसम्म इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने सम्बन्धी आदेश, २०८२ जारी भै राजपत्रमा प्रकाशन गरिएको। यसवाट भविस्यमा पेट्रोलको आयात न्यूनीकरण हुने, स्थानीय श्रोतको उपयोग भै मुलुकभित्रै रोजगारी सृजना हुने।

८२. विशेष सेवा ऐन, २०४२ लाई संशोधन गर्न बनेको अध्यादेश, नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२, सशस्त्र प्रहरी (चौथो संशोधन) नियमावली, २०८२, नेपाल सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ जारी गरिएको।

८३. नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८२ मिति २०८२ असोज ६ मा सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई जारी गरिएको। त्यसैगरी विपदबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान (पहिलो संशोधन) मापदण्ड, २०८२, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ र कसूरजन्य सम्पत्ति तथा साधन व्यवस्थापनसम्बन्धी मार्गदर्शन, २०८२ स्वीकृत गरी कार्यान्वयन गरिएको।

८४. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी निर्देशन (पहिलो संशोधन) र सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ को पाँचौं संशोधन गरी कार्यान्वयन गरिएको।

८५. सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानून पालनाको जोखिमको आधारमा गरिने स्थलगत निरीक्षण र गैरस्थलगत निरीक्षणसम्बन्धी दिग्दर्शनको पहिलो संशोधन गरिएको।

८६. सहकारी संस्थाका लागि लक्षित वित्तीय प्रतिबन्ध सम्बन्धी निर्देशिका, २०८२ जारी गरिएको।

८७. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२ जारी गरिएको।

८८. कार्वन व्यापारबाट प्राप्त आम्दानीको उपयोग गर्न "कार्बन आम्दानी उपयोग निर्देशिका २०८२" जारी गरी कार्यान्वयन गरिएको।

८९. राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२ स्वीकृत गरी राष्ट्रिय आर्थिक गणना २०८२ को तथ्याङ्क सङ्कलन गर्ने आदेश नेपाल राजपत्रमा प्रकाशित गरिएको।

९०. प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी भएको।

९१. नेपाललाई मानव बेचबिखन तथा ओसारपसारमुक्त बनाउने दूरदृष्टि सहित मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति, २०८२ स्वीकृत गरी कार्यान्वयन गरिएको।

९२. नेपाली प्राविधिक अभ्यासार्थी जापान पठाउने निर्देशिका (JITCO), २०६६ खारेज गरिएको।

९३. सोह्रौं योजनाको कार्यान्वयन कार्ययोजना स्वीकृत गरिएको।

**(च) आर्थिक क्षेत्र सुधार (उद्योग, वाणिज्य तथा पर्यटन समेत)**

९४. पर्याप्त पूर्व तयारी नभएका, दोहोरो परेका लगायतका आयोजनाहरु स्थगन गरी बजेटको विनियोजन कुशलता अभिवृद्धि गरिएको। साथै सरकारी खर्चलाई मितव्ययी बनाउन मापदण्ड स्वीकृत गरी सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यान्वयन गरिएको।

९५. जलवायु वित्त सम्बन्धी प्रोजेक्ट पाईपलाईन तयार भएको।

९६. अर्थ मन्त्रालय र अन्तर्गत निकायहरुको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गरी ३८ वटा कार्यालय र ३२३ दरवन्दी कटौती गरिएको।

९७. विश्व बैंकको व्यवस्थापनमा मल्टि डोनर ट्रष्ट फण्डबाट विकास प्रभावकारिताका लागि सार्वजनिक वित्त व्यवस्थापन परियोजनाको लागि १० विलियन अमेरिकी डलर अनुदान सहायता लिइएको।

९८. युरोपियन युनियनबाट Green and Reliable Energy for Economic Prosperity in Nepal(GREEN+) परियोजनाको लागि २३.५८ मिलियन युरो अनुदान सहायता स्वीकार गरिएको।

९९. प्रदेश र स्थानीय शासन सहयोग कार्यक्रमका लागि नर्वे र स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने क्रमश: ५० मिलियन नर्वेजियन क्रोनर र १.८ मिलियन स्वीस फ्रैंक थप अनुदान सहायता लिइएको।

१००. वित्तीय क्षेत्र विकास रणनीति (२०८२/८३-२०८६/८७) स्वीकृत गरी कार्यान्वयन गरिएको।

१०१. बहुबर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत गरी कार्यान्वयन गरिएको।

१०२. जलविद्युत आयोजनाको लागि पूँजीगत खर्चको लागि स्रोतको कमी व्यवस्थापन गर्न २० अर्व रुपैंया बराबरको ऋणपत्र/उर्जा बण्ड चरणवद्ध रुपमा जारी गर्ने निर्णय गरिएको।

१०३. जेनजी आन्दोलनबाट प्रभावित उद्योग, व्यापार, व्यावसायिक प्रतिष्ठान तथा आर्थिक क्रियाकलापलाई वित्तीय, मौद्रिक तथा बीमा सम्बन्धी सहुलियत/छुट सुविधा, पुनर्कर्जा, ऋणको पुन:तालिकीकरण र बिमा सहजीकरण गर्न एकीकृत व्यवसायिक पुनरुत्थान योजना स्वीकृत गरी कार्यान्वयन गरिएको। साथै व्यवसायिक प्रतिष्ठानको पुनर्निर्माणका लागि भन्सार तथा अन्तःशुल्कमा ५० प्रतिशतसम्म छुट सुविधा प्रदान गरिएको।

१०४. सम्वत् २०८२ माघ १ गतेदेखि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तोकिएको अवस्थामा बाहेक एकपटकमा पाँचलाख रूपैयाँ वा सोभन्दा बढी मूल्यको कुनै सेवा वा वस्तुको खरीद बिक्री वा अन्य कारोबार गर्दा वित्तीय संस्था वा बैङ्किङ्ग उपकरण मार्फत गर्नु पर्ने गरी सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४ग. को उपदफा (१) बमोजिम नगद कारोबारको सीमा निर्धारण गरिएको।

१०५. सन् २०२५ को सार्वभौम क्रेडिट रेटिङ्ग सम्पन्न भई Score BB- प्राप्त गर्न सफल भएको। यसबाट नेपालमा लगानीको वातावरण उपयुक्त नै रहेको सन्देश अन्तर्राष्ट्रियस्तरमा गएको।

१०६. स्वचालित मार्गबाट (Automated route) स्वीकृत हुने विदेशी लगानीको सीमा साविकमा ५० करोड रूपैंयासम्म मात्र रहेकोमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी लगानीको अधिकतम सीमा लागु नहुने व्यवस्था गरिएको। यसबाट स्वचालित मार्गमार्फत लगानी स्वीकृत हुने उद्योग व्यवसायका क्षेत्रहरू विस्तार हुने अपेक्षा गरिएको।

१०७. औद्योगिक तथा व्यावसायिक वातावरण सुधार एवम् व्यावसायिक सुशासन प्रवर्द्धनका लागि कम्पनी विधेयक, २०८२ को मस्यौदा तयार भएको।

१०८. स्टार्ट अप (Start up) उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८२ मा समसामयिक संशोधन गरिएको। साथै विद्युतीय व्यापार (इ-कमर्श) सम्बन्धी निर्देशिका, २०८२ जारी गरिएको।

१०९. खानी तथा खनिज पदार्थको अनुमति, नवीकरण लगायत खानी प्रशासनसम्बन्धी कार्यका लागि सूचना प्रविधिमा आधारित Mines Management Information System (MMIS) प्रणाली तयारीको कार्य गरिएको।

११०. जेनजी तथा युवा उद्यमीहरुलाई केन्द्रित गरी स्टार्टअप उद्यम कर्जा आवेदनको नतिजा प्रकाशनको तयारी अन्तिम अवस्थामा रहेको।

१११. उद्योगी तथा सेवाग्राहीहरुले अनलाइन माध्यमबाट भुक्तानी गर्न मिल्ने व्यवस्था गरिएको। साथै आयात ईजाजत पूर्ण रुपमा अनलाईन प्रणालीबाट जारी हुने व्यवस्था गरिएको।

११२. नेपाल र भारतबीच सम्पन्न पारवहन सन्धिको प्रोटोकलमा संशोधन गर्ने Letter of Exchange (LOE) को आदान-प्रदान गरी कोलकाता/विशाखापटनमबाट विराटनगर-जोगवनीसम्म र

कोलकाता/विशाखापटनमबाट नौतनवा (सुनौली) सम्म रेल मार्फत र त्यहाँदेखि भैरहवासम्म सडकमार्ग प्रयोग गरी सबै किसिमका कार्गो ढुवानी गर्न पाउने व्यवस्था गरिएको।

११३. सम्वत् २०८२/६/३१ बाट सौविध्यपूर्ण व्यापार सुविधा अन्तर्गत जारी हुने उत्पत्तिको प्रमाण पत्र (Certificate of Origin - CoO) अनलाइन प्रणालीबाट प्रदान गर्ने कार्यको थालनी गरिएको।

११४. कन्चनपुरको दोधारा चाँदनी एकीकृत जाँच चौकी निर्माण कार्य थालनी गरिएको।

११५. हिमाल सफा राख्ने सम्बन्धी कार्य योजना (२०८२-२०८६) स्वीकृत भई कार्यान्वयनमा रहेको।

११६. २०८२ फागुन ११ देखि १४ (२३-२६ फेब्रुअरी २०२६) सम्म थाइल्याण्डको बैंककमा आयोजित BIMSTEC Expert Group on Cultural Cooperation को चौथो बैठकमा सहभागिता जनाइएको। यस कार्यक्रममार्फत नेपालको सांस्कृतिक पहिचानलाई क्षेत्रीय मञ्चमा प्रस्तुत गरी नेपाली सांस्कृतिक सम्पदालाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन विशेष भूमिका निर्वाह गरिएको।

११७. कुवेत, साउदी अरेबिया र न्यूजिल्याण्डसँग द्विपक्षीय हवाई सम्झौता सम्बन्धी वार्ताको प्रक्रिया अन्तिम चरणमा पुगेको।

११८. नेपाल वायुसेवा निगमको काठमाडौं-ग्वाङ्झाउ-काठमाडौं सेक्टरमा २६ र २८ सेप्टेम्बर २०२५ देखि नियमित उडान सञ्चालन गरिएको। यस सेक्टरमा हाल साप्ताहिक रूपमा तीन वटा उडान सञ्चालन भइरहेका।

११९. EU र Airbus Company को सहयोगमा नागरिक उड्यन प्राधिकरणमा Flight Simulator Training Device (FSTD) अस्थायी रूपमा जडान भई हेलिकप्टर चालकहरूलाई नेपालमै स्तरीय तालिम प्राप्त गर्ने अवसर उपलब्ध गराइएको।

१२०. COSCAP-SA बाट ANS Effective Implementation सुदृढ गर्न १० कार्यदिनको Technical Mission सम्पन्न भएको। साथै COSCAP-SA को क्षेत्रीय कार्यालय १५ अक्टोबर २०२६ देखि सञ्चालनमा आउने गरी नेपालमा स्थापना गर्ने निर्णय भई सोहीबमोजिम कार्य भइरहेको।

१२१. नागरिक उड्डयन क्षेत्र सुधारका लागि गठित उच्चस्तरीय अध्ययन तथा सुझाव समितिको प्रतिवेदन कार्यान्वयन गर्न अल्पकालीन र दीर्घकालीन कार्ययोजना तयार गरी कार्यान्वयन गरिएको।

१२२. नेपालगञ्ज विमानस्थलको आधुनिक सुविधा सम्पन्न टर्मिनल भवन निर्माण सम्पन्न भई सञ्चालनको तयारीमा रहेको।

१२३. सम्वत् २०८२ मंसीर १ देखि २०८२ फागुनसम्म हिमाल आरोहणका लागि २०५ टोलीलाई स्वीकृति प्रदान गरिएको, जसबाट १८,८२,४२८ अमेरिकी डलर राजस्व (रोयल्टी) सङ्कलन भएको।

१२४. आ.व. २०८२ फागुनसम्म कुल पर्यटक आगमन ६,२३,५६८ पुगेको र पर्यटकको औसत बसाइ अवधि १४.२९ दिन रहेको।

(छ)कृषि तथा पशुपक्षी, वन तथा वातावरण, भूमिसुधार तथा सहकारी

१२५. चालु आर्थिक वर्ष २०८२/८३ मा उखुको न्यूनतम खरिद मूल्य प्रति क्वीन्टल रु.६२० र थप अनुदान रकम रु.७० निर्धारण भई आ.व. २०८१/८२ को उखु उत्पादक कृषकहरुलाई उखु बिक्रि गरी क्रसिङ्ग गराए बापत रू. ७५ करोड १३ लाख १४ हजार बराबरको रकम प्रोत्साहन अनुदान भुक्तानी गरिएको।

१२६. ग्लोबल टेण्डर मार्फत हालसम्म ४ लाख ६६ हजार मे. टन रसायनिक मल खरिद गरी २ लाख ४३ हजार मे. टन कृषकहरुलाई वितरण भइसकेको, ८३ हजार मे. टन मौज्दात रहेको र १ लाख ३५ हजार मे. टन मार्गस्थ रहेको छ। साथै आगामी धान रोप्ने सिजनका लागि थप ६० हजार मे. टन मलखाद व्यवस्थापनका लागि स्रोत सुनिश्चितता सहित खरिद प्रक्रिया अगाडि बढाईएको।

१२७. दुग्ध विकास संस्थान (डि.डि.सि) ले यस आर्थिक वर्षको अर्धवार्षिक अवधिसम्ममा दुग्ध उत्पादक कृषकहरुको बाँकी बक्यौता रकम वापत् रु. १ अर्ब ४० करोड भुक्तानी गरेको।

१२८. कार्बन व्यापार नियमावली, २०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको।

१२९. पूर्वाधारसँग सम्बन्धित आयोजनाका लागि सहजीकरण गर्ने गरी वन नियमावली, २०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको।

१३०. नेपाल सरकार र इमर्जेन्ट बिच कार्बन व्यापार सम्बन्धी LEAF Coalition- ER program अन्तर्गत बागमती, गण्डकी र लुम्बिनी प्रदेशको ४० लाख टन कार्वन क्रेडिट विक्रीका लागि करिव ५५ मिलियन अमेरिकी डलर प्राप्त गर्ने गरी Emission Reduction Payment Agreement (ERPA) सम्झौता सम्पन्न भएको।

१३१. जैविक विविधता संरक्षण सम्बन्धी समझदारी पत्रमा नेपाल र भारत सरकार बीच हस्ताक्षर सम्पन्न भएको।

१३२. UNFCCC को Article 6.4 Mechanism अन्तर्गत वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रका ८ वटा CDM परियोजनाहरूलाई लैजाने कार्य सम्पन्न गरिएको।

१३३. फिनल्याण्ड सरकारको सहयोगमा सञ्चालित जलवायू परिवर्तन स्थानीय अनुकूलन कार्यक्रम (LACC) अन्तर्गत कर्णाली र सुदुर पश्चिम प्रदेशका थप २७ सहित ४१ वटा स्थानीय तहमा कार्यक्रम कार्यान्वयनका लागि समझदारी गरी आवश्यक बजेट उपलब्ध गराईएको।

१३४. उच्च अदालतका पूर्व न्यायाधिश श्री विनोद प्रसाद शर्माको संयोजकत्वमा सहकारीमा भएको बेथितिसम्बन्धी जाँचबुझ आयोग, २०८२ गठन गरिएको।

१३५. राष्ट्रिय सहकारी नियमन प्राधिकरण र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) बीच सहकारी संस्थाहरूको नियमनलाई प्रभावकारी बनाउन सहकार्य गर्ने विषयमा समझदारीपत्र (MoU) मा हस्ताक्षर गरिएको।

१३६. समस्याग्रस्त सहकारी संस्थाका साना बचतकर्ताका लागि राहत वितरण कार्यविधि तर्जुमा कार्य भईरहको।

१३७. राष्ट्रिय सहकारी नियमन प्राधिकरण र सहकारी विभागबाट बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको सघन अनुगमन गरिएको।

१३८. दुर्गम जिल्लाका चार स्थानहरु (सोलुखुम्बु जिल्लाको सोताङ्ग, बाजुरा जिल्लाको कोल्टी, मुगु जिल्लाको रामतडी र ईलाम जिल्लाको फिक्कल) मा मालपोत र नापी कार्यालयहरु स्थापना गरिएको।

१३९. समस्याग्रस्त सहकारीहरुको विस्तृत वर्तमान अवस्था सहितको विवरण सम्बन्धमा श्वेतपत्र जारी गरिएको।

१४०. भूमि समस्या समाधान आयोगबाट १३५३ जग्गाधनी दर्ता प्रमाण पूर्जा वितरण भएको।

१४१. हालसम्म ११४ वटा भूमिसुधार तथा मालपोत कार्यालयमा सेवाग्राहीले जुनुसुकै स्थानवाट अनलाइन प्रविधिमार्फत जग्गा कारोवारको लिखत सम्बन्धी कार्य गर्न सक्ने प्रणाली (PAM) लागू गरिएको।

## (ज) शिक्षा, स्वास्थ्य, खेलकुद, रोजगार तथा सामाजिक विकास

१४२. विश्वविद्यालयका परीक्षाहरू सम्पन्न भएको ३ महिनाभित्र अनिवार्य रूपमा परीक्षाफल प्रकाशन गर्ने प्रवन्ध मिलाइएको।

१४३. जेनजी अन्दोलनका सहिद परिवारका वालवालिकाहरूका लागि छात्रवृत्ति व्यवस्थापन सम्बन्धमा विश्वविद्यालय अनुदान अयोग, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् र अन्य निकायमा समन्वय गरी ७३ जना वालवालिकाका लागि छात्रवृत्ति उपलब्ध गराइएको।

१४४. त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१ सार्वजनिक गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको।

१४५. अनुसन्धान र नवप्रवर्तनबाट सिर्जित ज्ञानको संरक्षण गर्न र उद्यमशीलता विकासका लागि "स्टार्टअप कार्यक्रम" लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको।

१४६. वीर अस्पतालको आकस्मिक उपचार विभागको क्षमतालाई ५५ शय्यामा विस्तार गरिएको।

१४७. पर्सा जिल्लामा फैलिएको हैजा महामारीको रोकथाम एवम् नियन्त्रणका लागि अभियान सञ्चालन गरी समयमै व्यवस्थापन गरिएको।

१४८. हालसम्म ३७२ वटा स्थानीय तहमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना भै नागरिक आरोग्य कार्यक्रम सञ्चालन भैरहेको।

१४९. सबै सङ्घीय अस्पतालहरूमा मनोसामाजिक परामर्श केन्द्र स्थापना गरी परामर्श सेवाको प्रारम्भ गरिएको ।

१५०. निजामती कर्मचारी अस्पतालमा न्यूरो सर्जरी, आनुवांशिक परीक्षण र पेडियाट्रिक्स न्यूरोलोजी सेवाको शुरुवात गरिएको। यस अस्पतालबाट माघ महिनासम्मको तथ्याङ्क अनुसार दैनिक औसत ११६७ जनालाई सेवा प्रदान गरिएको।

१५१. वैदेशिक रोजगारीलाई थप व्यवस्थित र सुरक्षित बनाउने, वास्तविक सेवाग्राहीले मात्र तालिम लिन पाउने तथा अन्तरनिकाय तथ्याङ्क साझेदारीलाई व्यवस्थित गराउने गरी वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (Foreign Employment Information Management System-FEIMS) लाई राष्ट्रिय परिचय-पत्र व्यवस्थापन सूचना प्रणाली (National Identity Management Information System-NIDMIS) मा आवद्ध गरिएको।

१५२. श्रमिकको सुरक्षित, व्यवस्थित तथा मर्यादित वैदेशिक रोजगारी प्रवर्द्धन गर्ने उद्देश्यसहित मिति २०८२/१०/११ मा नेपाल सरकार र साउदी सरकारबीच द्विपक्षीय श्रम सम्झौतामा हस्ताक्षर भएको।

१५३. राष्ट्रिय श्रम आप्रवासन नीति, २०८२ स्वीकृत भई कार्यान्वयनमा रहेको।

१५४. व्यावसायजन्य सुरक्षा तथा स्वास्थ्यको क्षेत्रमा नीतिगत सुधारको लागि कार्यस्थलमा तापको अधिकतम् स्तर सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत भई कार्यान्वयनमा रहेको।

१५५. सामाजिक सुरक्षा कोषमा आवद्ध श्रमिकलाई कोषले प्रदान गर्ने सेवाको सुनिश्चिता तथा कोषको लागानीलाई प्रतिफलयुक्त बनाउने दायरा विस्तार गर्ने गरी सामाजिक सुरक्षा कोष लगानी कार्यविधि, २०७७ (पहिलो संशोधन-२०८२) स्वीकृत भई कार्यान्वयनमा आएको।

१५६. तनहुँ जिल्लाको आँबुखैरेनी गाउँपालिका वडा नं. ५ सत्रसय फाँट, ढकालटारमा बाल सुधार गृह भवन निर्माण कार्य शुरुवात गरिएको।

१५७. मधेश, लुम्बिनी र सुदुरपश्चिम प्रदेशमा ५/५ वटा गरी १५ वटा नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र भवन निर्माणको कार्य भइरहेको।

१५८. दुर्गम क्षेत्रमा ज्यान जोखिममा रहेका ४४ जना गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरिएको।

१५९. निजामती कर्मचारीका सन्तानलाई लक्षित गरी भक्तपुरमा दिवा शिशु स्याहार केन्द्र सञ्चालनको लागि नेपाल सरकार (म.प.) बाट स्वीकृत भई कार्य प्रारम्भ गरिएको।

१६०. बालबालिका उत्तरदायी बजेट सङ्केत सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गरी कार्यान्वयन गरिएको।

१६१. मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति, २०८२ स्वीकृत गरी कार्यान्वयन गरिएको।

१६२. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ संशोधन स्वीकृत गरी कार्यान्वयन गरिएको।

१६३. राष्ट्रिय खेलकुद परिषद् अन्तरगतका संघहरुबाट ७ वटा अन्तर्राष्ट्रिय प्रतियोगिताको आयोजना गरिएको र ९८ वटा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाइएको साथै नेपाल प्रिमियर लिग क्रिकेट सिजन-२ सहित १८ वटा राष्ट्रियस्तरका प्रतियोगिता सम्पन्न गरिएको।

## (झ)शान्ति सुरक्षा, विपद् व्यवस्थापन तथा निर्वाचन व्यवस्थापन

१६४. जेनजी आन्दोलनको क्रममा क्षति पुगेका ४५९ प्रहरी संरचना मध्ये ४५१ वटा पुनः स्थापना भई सेवा सुचारू गरिएको।

१६५. विभिन्न १४ वटा जिल्ला तथा इलाका प्रशासन कार्यालय र ३४ वटा कारागार कार्यालय, १२० वटा राष्ट्रिय परिचय पत्र विवरण दर्ता स्टेशनहरु, ५ वटा राष्ट्रिय अनुसन्धान कार्यालयहरूको पुनर्निर्माण र मर्मत गरी सेवा सुचारु गरिएको।

१६६. जेनजी आन्दोलनको क्रममा फरार १४,५५९ जना कैदीबन्दी तथा बालविज्याईकर्ताहरु मध्ये हालसम्म १०,२२२ जनालाई फिर्ता ल्याइएको।

१६७. विदेशी नागरिकहरूको नेपाल बसाईको अभिलेख र अनुगमन प्रणाली तयार गरी पहिलो चरणमा सन् २०२६ जनवरी १ देखि उपत्यका भित्रका तारे होटलहरूबाट कार्यान्वयन सुरूवात गरिएको।

१६८. हालसम्म ६,११७ वडा कार्यालयहरूमा विद्युतीय प्रणालीमा आधारित नागरिकता सिफारिस प्रणाली कार्यान्वयनमा ल्याइएको।

१६९. पदयात्रा अनुमति प्रदान गर्ने कार्यलाई पूर्ण रूपमा विद्युतीय प्रणालीमा आधारित बनाइएको।

१७०. निर्वाचन आयोगको प्रणाली र राष्ट्रिय परिचय पत्र सूचना व्यवस्थापन प्रणालीबीच अन्तरआबद्धता कायम गरी अनलाइन माध्यमबाट शीघ्र र सरल रूपमा मतदाता नामावलीमा नामदर्ता गर्न सकिने व्यवस्था मिलाईएको।

१७१. अति विशिष्ट तथा विशिष्ट पदाधिकारीहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम खटिएका नेपाल प्रहरीका ३७४ जना र सशस्त्र प्रहरी बल, नेपालका १३२ जना गरी कूल ५०६ जना सुरक्षाकर्मी र ८ वटा अगुवा पछुवा सवारी साधनहरू फिर्ता गरिएको।

१७२. जेनजी आन्दोलनका क्रममा नेपाल प्रहरीबाट लुटिएका १३४२ र सशस्त्र प्रहरी बल नेपालबाट लुटिएका ४६ नाल हातहतियार मध्ये हालसम्म क्रमशः ७४८ र ३२ थान फिर्ता गरिएको।

१७३. मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ अनुरुप २०८२ असोज १७ देखि २० गतेसम्म भएको भारी तथा अति भारी वर्षा तथा कार्तिक दोस्रो साता हिमपातसम्बन्धी पूर्वानुमान भएपछि सबै तहका सरकार तथा नागरिकको सहभागिता गराई प्रभावकारी पूर्वतयारी एवम् प्रतिकार्य गरिएकोले जनधनको क्षति न्यून भएको।

१७४. इलाम जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी अत्यावश्यक सेवा सुचारू गर्न विपद्को प्रभावको आधारमा स्थानीय तहलाई रकम उपलब्ध गराइएको।

१७५. वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना,२०८२, शीतलहर पूर्व तयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८२ र हिमपात पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना,२०८२ तयार गरी कार्यान्वयन गरिएको।

१७६. अध्यागमन र भिजिट भिसाका सम्बन्धमा देखिएका समस्या समाधान गर्न गठित उच्चस्तरीय अध्ययन एवम् छानविन समितिको प्रतिवेदन, २०८२ कार्यान्वयनमा लगिएको।

१७७. तोकिएको समयमा प्रतिनिधि सभा सदस्य निर्वाचन सम्पन्न गर्नका लागि आवश्यक निर्वाचन वातावरण तयार गर्न सबै राजनीतिक दल, आम सरोकारवालाबीच विभिन्न समयमा अन्तरक्रिया छलफल तथा समन्वय गरिएको।

१७८. निर्वाचन वातावरण वनाउनका लागि सरकारसमक्ष विभिन्न माग राखी विरोध गर्ने व्यक्ति तथा समूहहरू तथा अनसनमा वस्ने व्यक्तिहरूसँग वार्ता, छलफल तथा सहमति गरी निर्वाचनको वातावरण तयार गरिएको।

१७९. सम्वत् २०८२ फाल्गुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचन २०८२ लाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सञ्चालन गर्न नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा राष्ट्रिय अनुसन्धान विभागलाई एकीकृत र समन्वयात्मक रूपमा परिचालन गरिएको।

१८०. निर्वाचनलाई लक्षित गरी केन्द्र, प्रदेश र जिल्लास्तरमा विभिन्न सुरक्षा कमाण्ड पोष्ट तथा सुरक्षा समितिलाई सक्रिय रूपमा परिचालन गरिएको।

१८१. प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ का लागि आवश्यक पर्ने १९ अर्ब ६२ करोड रूपैंया स्रोत व्यवस्थापन गरी निर्वाचनलाई स्वच्छ, निष्पक्ष र पारदर्शी रूपमा सम्पन्न गरिएको।

## (ञ) सूचना तथा सञ्चार प्रविधि

१८२. छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ को व्यवस्था बमोजिम अनलाइन सञ्चार माध्यमको दर्ता तथा नवीकरणको लागि सूचना तथा प्रसारण विभागको महानिर्देशकलाई स्थानीय अधिकारीको रुपमा तोकी अनलाइन सञ्चार माध्यमको दर्ता र नवीकरण लगायतका कार्यहरु सूचना तथा प्रसारण विभागबाट हुने व्यवस्था मिलाइएको।

१८३. अनलाइन सञ्चार माध्यमको दर्ता र व्यवस्थापनको लागि छापाखाना तथा प्रकाशन सम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गरी कार्यान्वयन गरिएको।

१८४. काठमाडौंका नयाँ बसपार्क, त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज, पशुपतिनाथ क्षेत्र परिसर (आर्यघाट) लगायत १९ स्थानमा निःशुल्क वाईफाई इन्टरनेट सेवा प्रारम्भ गरिएको। साथै,

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा करिब २० थान Access Point हरुको प्रयोगबाट पूर्ण Coverage हुने गरी Wifi Hotspot सेवा प्रारम्भ गरिएको।

१८५. सुदूरपश्चिम प्रदेशका निरोलीदरबार, पाताल, पुचौंडी, थातिगाडा, तेदिमादु सुन्कुदा बजार, सर्मोली, नारायण कैलाश, माथैराज, मौवा बजार, दरूगाउँ, जुठेरा, कोटेली, मालिकार्जुन, बुढीनन्दा, मार्मा, सिलगढी, ताल्कोट, विनायक र जुनी चौतारा गरी २० वटा विकट स्थानहरुमा ४G सेवा उपलब्ध गराइएको।

१८६. हुम्ला जिल्ला अन्तर्गत खार्पुनाथ गा.पा., सर्केगाड गा.पा., अदानचुली गा.पा. र चङ्खेली गा.पा. तथा मनाङ जिल्लाको ङिस्याङ गा.पा.मा पहिलो पटक 4G सेवा विस्तार भई ७४९ वटा स्थानीय तहमा पहुँच विस्तार भएको।

१८७. सिराहा-राजविराज खण्डमा ५७ कि.मि Optical Fiber विस्तार कार्य सम्पन्न भएको।

१८८. नेपाल टेलिकमबाट अनलाइन मार्फत KYC अद्यावधिक गर्न सक्ने सेवा सुरुवात गरिएको।

१८९. आर्टिफिसियल इन्टेलिजेन्स (एआई) काउन्सिललाई पूर्णता दिई राष्ट्रिय एआई केन्द्र स्थापना गरिएको।

१९०. एक स्थानीय तह एक स्मार्ट हुलाक सञ्चालनको लागि स्मार्ट हुलाक छनौट मापदण्ड तयार गरिएको। सो बमोजिम पहिलो निकायको रूपमा जिल्ला हुलाक कार्यालय गोरखालाई स्मार्ट हुलाक घोषणा गरिएको।

१९१. जेनजी आन्दोलनका सहिदहरु सहित ५६ किसिमका विषय क्षेत्र समेटिएको हुलाक टिकट प्रकाशन सम्बन्धी फिलाटेलिक कार्यक्रम स्वीकृत भई कार्यारम्भ गरिएको।

१९२. जेनजी आन्दोलनको क्रममा घाइते भएका ३ जना पत्रकारलाई जनही रु. २५ हजार आर्थिक सहायता सहित सम्मान प्रदान गरिएको।

समाप्त।